जूनकीरी

मासिक भित्ते पत्रिका

वर्ष– १, अंक– ११, असार २०६१, (June, 2004) काठमाडौं

अनौपचारिक शिक्षामा जुट्दैछन् किशोरीहरू

अवसर पाए अर्काको घरमा काम गरेर पनि ठूलो मान्छे बन्न सकिने उदाहरण बनेकी छिन्– बबिता चौधरी । झापा शनिश्चरे घर भएकी बबिताका दाइ, भाइ, बाबु-आमा सबै भए पनि आर्थिक कारणले उनले विद्यालयको अनुहार नै देखिनन् । सानै उमेरमा अर्काको घरमा श्रमिकको रुपमा बस्नुपर्‍यो ।

आफू जस्तै अरु साथीहरू झोलाभरी किताब र स्कुल ड्रेसमा सु-सज्जित भएर विद्यालय गएको देखेर आफू पनि पढ्नुपर्छ भन्ने धारणा पलाएर अनौपचारिक शिक्षा लिएको उनी बताउँछिन् । उनी अहिले गैरसरकारी संस्था सिविसद्वारा सञ्चालित बानेश्वरस्थित रुद्रमति प्राविमा अनौपचारिक शिक्षा लिइरहेकी छिन् । उनी घरेलु कामदार बालश्रमिकका लागि अनौपचारिक शिक्षाको कक्षामा सामेल भएर नेपाली बाह्रखरी र एबीसीडी पढ्न सक्ने भएकी छिन् । प्रायः उनको कक्षामा १० वर्षदेखि १४ वर्षसम्मका बालबालिका अध्ययनरत छन् । त्यसमध्ये बबिता र सरस्वती खड्का सबैभन्दा ठूला छन् । आफूभन्दा साना भाइ बहिनीसँग पढ्दा कस्तो लागेको छ ? भन्ने प्रश्नमा बबिता र सरस्वतीको एउटै भनाई रहको छ, "पढ्नलाई उमेरको हदबन्दी हुँदो रहेनछ, सानो उमेरकासँग पढ्दा झन् रमाइलो हुन्छ । चाँडो सिकिंदो रहेछ ।" उनी आफू मात्र होइन आफू जस्तै अरु बालबालिकालाई अनौपचारिक शिक्षा पढ्नलाई प्रोत्साहन दिन्छिन् ।

औपचारिक शिक्षाभन्दा अनौपचारिक शिक्षाकै तरिकामा विद्यार्थीहरू दङ्ग पर्दछन् ।

बबिता जस्तै अबिता चौधरी कक्षा एकमा अध्ययन गर्दागर्दै घरको आयस्रोत कम भएको कारण गाउँलेकै सहयोगमा काठमाडौं प्रवेश गरेकी हुन् । उनी अहिले नयाँ बानेश्वरको एक घरमा श्रमिकको रुपमा काम गरिरहेकी छिन् । खाना बनाउने, लुगा धुने र घरधनीका छोराछोरीलाई समयमा विद्यालय पुर्‍याउने, ल्याउने र सरसफाइ गर्ने उनको दिनचर्या रहेको छ । उनलाई भविष्यमा ब्युटिसियन बन्ने इच्छा रहेको छ । उनी आफूले पाउने पारिश्रमिक बार्षिक चार हजार रुपैयाँ आफ्ना बुबाले नै बुझ्ने गरेको बताउँछिन् ।

आफ्नो समस्यालाई लुकाउन खोज्ने सरस्वती खड्काको पनि समस्या त्यस्तैखाले छ । उनी विगत १० वर्षदेखि अर्काको घरमा काम गरिरहेकी छिन् । सानो उमेरमा पढ्नुपर्छ भन्ने नभएको र अभिभावकको आयस्रोत कम भएको हुनाले घर छोडेको बताउने सरस्वती बबिताले भनेपछि निःशुल्क अनौपचारिक कक्षा लिन आएकी हुन् । सरस्वतीले मासिक ५ सय रुपैयाँ पाउँछिन् । उनको परिश्रमिक पनि बाबुले नै बुझ्ने र घर परिवारमा खर्च गर्ने गरेका छन् ।

यस अनौपचारिक कक्षामा १० वर्षदेखि २० वर्ष सम्मका ३४ जना बालबालिकाहरू अध्ययनरत रहेका छन् । काठमाडौं उपत्यकाका बानेश्वर, चाबहिल सातादोबाटो लगायतका विभिन्न ठाउँहरूमा अहिले सिविक नामक गैर सरकारी संस्थाले यस्ता घरेलु बालश्रमिकहरूका लागि निशुल्क अनौपचारिक कक्षा सञ्चालन गरेको छ । उनीहरूका लागि चाहिने अत्यावश्यक कापी, कलम, किताब सबै सिविकले निःशुल्क वितरण गर्ने गरेको छ ।

अनौपचारिक कक्षाका शिक्षिका रितु भट्ट भन्नुहुन्छ, "कामदारहरूलाई पढाउनुहुन्न भन्ने सोचाइका कारण हामीले श्रमिक बालबालिकालाई यस कक्षामा समावेश गर्नका लागि धेरै संघर्ष गर्‍यौं । हामीले अनौपचारिक शिक्षा पूरा गरेपछि यी बालबालिक औपचारिक शिक्षा दिने र व्यवहारिक ज्ञानका कुराहरू सिकाउने छौं ।" बालबालिकाहरूलाई अनौपचारिक कक्षामा आकर्षण गराउन विभिन्न मनोरञ्जनात्मक कार्यक्रम र वनभोज लगायतका विभिन्न आकर्षण कार्यक्रमहरू गरिने कुरा उहाँ बताउनुहुन्छ ।

● **कपिल श्रेष्ठ**

बस्ने ठाउँ नपुगेर विद्यार्थीले कक्षा छाडे

दाङको गोलटाकुरी गाविसमा सञ्चालित समुदायिक कौवाघारी प्राथमिक विद्यालयमा यो शैक्षिकसत्रमा कक्षा एकमा मात्र एकसय पचासी जना बालबालिका भर्ना भइसकेका छन् । यो संख्या बढ्नुको मुख्यकारण हो- शैक्षिक सत्रको सुरुमा सञ्चालन गरिएको विद्यालय स्वागत कार्यक्रमको प्रभाव । मुश्किलले पैंतालीस जना बालबालिका अट्ने कक्षा कोठामा सबैलाई अटाउनु पर्ने र दैनिक सबै विद्यार्थीको हाजिर लिनुपर्ने थप जिम्मेवारी पाएकी कक्षा शिक्षक खेमा केसी लौरो लिएर विद्यार्थीलाई भेडाबाख्रा थुनेझैं थुन्नु परेको बताउँछिन् । र, भन्छिन्, "पैंतीस मिनेटको कक्षामा तीस मिनेट हाजिर गर्दैमा बित्छ । पाँच मिनेटमा के पढाउनु, मलाई नै थाहा छैन ।"

कपिलवस्तुको हथिहवा गाविसस्थित सूर्यकुमारी शेरचन प्राथमिक विद्यालयको कक्षा एकमा दुईसय अट्ठाइस जना बालबालिका भर्ना भएका छन् । आधा संख्या बालिका रहेको उक्त कक्षा कसरी सञ्चालन गर्ने भन्ने विषयमा हालसम्म पनि निर्णय लिन नसकिएको विद्यालयका प्रधानाध्यापक राइटरप्रसाद यादव बताउँछन् । दुइवर्ष पहिलादेखि विद्यालयले एकजना स्वयंसेवी व्यवस्था गरेर कक्षा सञ्चालन गरेकोमा यो वर्ष नजिकै यूनिसेफको सहयोगमा खोलिएको शाखा विद्यालयमा छिमेकी गाविसको शिक्षक राखिएकोमा उनी आक्रोश व्यक्त गर्छन् । शाखा विद्यालयमा शिक्षक राख्दा स्वयंसेवीलाई ध्यान पुर्‍याउन सकिएको भए राम्रो हुने थियो -यादव गुनासो गर्छन् ।

यस शैक्षिक सत्रको शुरुमा युनिसेफ नेपाल, विश्व शिक्षा, शिक्षा पत्रकार समूह र जिल्ला शिक्षा कार्यालयको संयुक्त पहलमा सञ्चालन गरिएको विद्यालय स्वागत कार्यक्रम सम्पन्न भएपछि अधिकांश प्राथमिक विद्यालयमा यो समस्या देखापरेको हो । महिला तथा बालबालिकाहरूको लागि विकेन्द्रित कार्यक्रम लागू भएका पन्ध्र जिल्लामा शिक्षा कार्यालयको संयोजनमा घरदैलो कार्यक्रम, विद्यालय पठाऔं भन्ने अभियान र निमन्त्रणा, सडक नाटकको प्रभावका कारण विद्यालयमा विद्यार्थीहरूको घुइँचो बढेको हो ।

अनियन्त्रित विद्यार्थीहरूको भीड र इन्सेटमा शिक्षिका केसी ।

यसपटकको अभियानले कक्षा ३ र ५ मा २५ वर्षसम्मका बालिकाहरूले औपचारिक रुपमा विद्यालय भर्ना हुने अवसर पाएका छन् । अभियानले विद्यालयमा बालबालिकालाई भर्ना गराए पनि शिक्षा कार्यालयसँग बालबालिकालाई विद्यालयको कक्षामा टिकाइ राख्ने कार्यक्रमको अभावका कारण धेरै बोझ परेको छ । विद्यालय जाने उमेरमा घरैमा रहेका बालबालिकालाई विद्यालयमा ल्याउने अभियानमा सरिक हुने तर त्यो अभियानको के दूरगामी असर हुन्छ भन्ने ख्याल नगर्दा गम्भीर समस्या सृजना गरेको मात्र होइन घरबाट विद्यालयसम्म ल्याइएका बालबालिकाहरू छोड्नेहरूको संख्या बढ्न थालेको छ ।

यो समस्या विद्यालयले सामना गर्न नसकेपछि व्यवस्थापन समितिहरूले अस्वभाविक निर्णयहरू समेत गर्न थालेका छन् । दाङको सिसिनिया माविले छिमेकी गाविस, वडाका विद्यार्थीलाई भर्ना नलिने निर्णय गर्न पुग्यो । दाङकै आदर्श मावि लालमटीयाका शिक्षक शेषमणि घिमिरे विद्यालयमा स्वागतभन्दा शिक्षक दरबन्दी र भौतिक सुविधाको अभावमा बिदाई गर्नुपर्ने अवस्था सृजना भएको बताउँछन् ।

धेरै विद्यालयहरूलाई जति विद्यार्थीहरू आएपनि लिनु र अनियन्त्रित भिडलाई लिएर पढाई सञ्चालन गर्नुपर्ने बाध्यता छ । सरकारले सबैलाई शिक्षा दिने प्रतिबद्धता जनाए पनि सो अनुसार शिक्षकहरूको दरबन्दी मिलान र थपको व्यवस्था मिलाउन सकेको छैन । अहिलेको सबैभन्दा जटिल समस्या शिक्षक दरबन्दीको समस्यालाई जिल्ला शिक्षा कार्यालयलाई हेर्न फुर्सदसम्म छैन । यो कुरालाई सहज र स्वभाविक ढंगले लिन थालेका छन् दाङका जिल्ला शिक्षा अधिकारी चूडामणि पौडेल । दाङमा यदि दरबन्दी मिलान गरेको खण्डमा सत्तरी जना विद्यार्थी बराबरी एकजना शिक्षक पर्छ । तर शिक्षा कार्यालयको इच्छा शक्तिको अभावमा एक शिक्षकले दुई सय दशजना विद्यार्थीलाई पढाउनुपर्ने अवस्था छ । सो कुराको जानकारी प्राप्त गरेर पनि सरकारले भनेझैं पचास जना विद्यार्थीलाई मात्र पढाउन पाउने शिक्षक कोही पनि नभएको समेत जिशिअ पौडेल बताउँछन् ।

यस्तो समस्याका उदाहरण मात्र हुन् कपिलवस्तु र दाङ । अन्य जिल्लामा समेत बालबालिका विद्यालयमा बस्ने ठाउँको अभावमा विद्यालय छोड्न थालेका समाचार आइसकेका छन् ।

● **भूपराज खड्का**

बालविवाहको शिकार छन् अझै बालिकाहरू

बाल विवाहको लागि चर्चित कागती गाउँकी अखबरी श्रेष्ठले कक्षा ८ मा पढ्दापढ्दै गत श्रीपञ्चमीमा विवाह गरिन् । विवाह गर्दा उनको मुख्य शर्त आफूले निरन्तर पढ्न पाउनुपर्छ भन्ने थियो । विवाहपछि पनि उनी पढ्न गइन् । पछि घरको विरोधको कारण पढाईलाई निरन्तरता दिन सकिनन् ।

नुवाकोट जिल्लाको ओखरपौवा गाउँ विकास समिति अन्तर्गत पर्ने कागती गाउँका बलामी जातिमा बाल विवाह गर्ने चलन अझै छ । यो जातिमा केटाकेटी साना हुँदादेखि नै कुरो छिनेर केटा पक्षले केटी पक्षलाई कोसेली खुवाउने चलन छ । यसरी कोसेली खुवाइसकेपछि केटा पक्ष विवाहको लागि हतारिने कुरा ओखरपौवा गाविसका पूर्व अध्यक्ष जीतबहादुर बलामी बताउँछन् ।

अखबरीको पनि विवाहकोकुरा उनले थाहा नपाउँदै सानैमा छिनिएको थियो । उनी कक्षा ३ मा पढ्दादेखि नै विवाह गर्ने निर्णय भएको थियो । उनले धेरै विरोध गरिन् र विवाहलाई टारिन् । बच्चामा विवाह गरेपछि दुःख पाइने कुरा विद्यालयका गुरुहरूले सिकाएको हुनाले आफूले विवाह गर्न इन्कार गरेको उनी बताउँछिन् । त्यसपछिका प्रत्येक वर्षका श्रीपञ्चमीमा उनको विवाहको कुरा हुन्थ्यो । तर, उनले सधैं विवाहको विरोध गरिरहिन् ।

यो चोटी पनि उनले विवाह नगर्न धेरै जिद्दि गरेकी थिइन् । तर विवाह नगरी सुख पाइनन् । किन त ? उनी भन्छिन्, "केटा पक्षबाट तैंले विवाह नगरे हाम्रो लास देख्नुपर्छ भनेकाले म विवाह गर्न बाध्य भएँ ।"

विवाह गर्दा उनले निरन्तर पढ्न पाउनुपर्ने शर्त राखे पनि विवाहपछि केही समयसम्म पढ्न पठाएर अहिले घरपरिवारले पढ्न रोकेको छ । अखबरीका शिक्षक चक्रमान श्रेष्ठ उनलाई पढाउनबाट रोक्नुमा उनका सासु-ससुरा जनचेतनाको कमी र उनको श्रीमान् बराबर कक्षा ८ मै अनुत्तीर्ण भएर पढाई छोड्नुको कारण रहेको बताउँछन् । शिक्षक श्रेष्ठ भन्छन्, "अखबरी पढाइमा पनि तेज भएकोले उनको श्रीमान्ले हीनताबोधले पढ्न नपठाएको हो ।"

कागती गाउँमा बाल विवाह रोक्न निरन्तर लागि परेका शिक्षक चक्रमान श्रेष्ठकै सल्लाहको कारण अखबरीले निरन्तर ५ वर्षसम्म विवाह नगरी बसेकी थिइन् । अहिले अखबारीले पढ्न नपाएकोमा शिक्षक श्रेष्ठ पनि दुःखी छन् ।

हिजोआज अखबरीलाई पढाइ रोकिएकोमा भविष्यको चिन्ताले सताउन थालेको छ । आफ्ना अरु साथीहरू विद्यालय गएको देख्दा लुकेर रुने गरेको बताउने उनलाई आफ्ना सासु-ससुरा र श्रीमान्लाई कोही ठूलो मान्छे आएर सम्झाइदिए फेरि पढ्न पाउँथे कि भन्ने आश भने मरेको छैन ।

● **पुरुषोत्तम सुवेदी**

फर्रर अंग्रेजी बोल्छिन् सीताकुमारी

ह्वाट इज योर नेम ?

माई नेम इज सीताकुमारी सदा ।

यो जवाफ सप्तरी जिल्लाको मलेठ गाविस वडा नं. ७ मा बसोबास गर्दै आएका सुकराती सदामुसहर र फुलोदेवी सदा मुसहरकी छोरी सीताकुमारी सदाको हो ।

यूनिसेफको सहयोगमा राजविराज नगरपालिका अन्तर्गत सञ्चालन भएको सहरी अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गत लेवल दुईमा अध्ययनरत बालिका सीताकुमारीले यो कार्यक्रमका सहजकर्ता प्रफुल्ल श्रेष्ठसँगको कुराकानीमा यसरी अंग्रेजीमै जवाफ दिएकी हुन् ।

उदाहरण बनेकी सीताकुमारी ।

ऐलानी जग्गामा बसोबास गर्दै आएका मुसहर जातिको टोलमै बालशिक्षा कार्यक्रम लागू भएकाले सीताकुमारीले बालशिक्षा कार्यक्रममा अध्ययन गर्न थालेकी थिइन् । पहिलो लेवल पास गरेपछि दोस्रो लेवलमा अंग्रेजी पढाउने गरिएकोले अंग्रेजी बोल्न जानेको उनी बताउँछिन् ।

आफूले अंग्रेजीमा बोल्न सक्ने भएकोमा सीता ज्यादै खुशी छिन् । "हाम्रो जातिका छोराछोरीहरूले पढ्नुपर्छ, पढ्यौं भने मात्र हामीले पनि समाजका लागि केही गर्न सक्छौं," सीता बताउँछिन् ।

माटो खन्ने जातिका रुपमा परिचित मुसहर जाति अधिकांश सुकुम्बासी रहेको, आफ्नो पिताको नाममा घर जग्गा नरहेकोले आफू पढे, लेखेर कमाउने भएपछि सर्वप्रथम जग्गा किन्ने सीता बताउँछिन् ।

१४ वर्षीया सीताकुमारी सदाका ५ बहिनी र २ भाइ रहेका छन् । आफ्नो घर र समाजकै लागि उनी उदाहरण बनेकी छिन् ।

● **शिवहरि भट्टराई**

यूनिसेफ नेपालको सहयोगमा शिक्षा पत्रकार समूह, अनामनगरद्वारा प्रकाशित, फोनः ४–२५७६५५, फ्याक्सः ४–२१८६८६ इमेलः ejg@ntc.net.np, वेबसाइटः www.ejgroup.org, पो.ब.नं. २१८४३, मुद्रणः युनाइटेड ग्राफिक्स प्रिन्टर्स, न्यूप्लाजा, काठमाडौं, सम्पादनः पदम गौतम